# स्वरोजगार कोषद्वारा ३ जिल्लामा करिब रू. २४ लाख ब्याज अनुदान वितरण



युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले ३ जिल्लाका ४ वटा सहकारी संस्थामार्फत करिब २४ लाख ब्याजअनुदान वापतको रकम बाँडेको छ । कोषसँगको ६० प्रतिशत ब्याजअनुदान कार्यक्रमअन्तर्गत सुर्खेतका २, नुवाकोटका १ र दैलेखका १ गरी ४ वटा सहकारी संस्थामार्फत २०१ असल व्यवसायीरूलाई २३ लाख २२ हजार ६०२ रूपैयाँ बाँडेको हो ।

एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल र कोषका कार्यकारीनिर्देशक विश्वमोहन अधिकारीको उपस्थितिमा सुर्खेतका २ वटा सहकारी संस्थाहरू क्रमश: पौरखी बचत तथा ऋण सहकारी संस्थामार्फत



२६ जना असल व्यवसायीहरूलाई ५ लाख ४८ हजार ५३३ रूपैयाँ तथा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्थामार्फत ५७ जना असल व्यवसायीहरूलाई ६ लाख १३ हजार ५८४ रूपैयाँ गरी कूल ११ लाख ६२ हजार ११८ रूपैयाँ वितरण भएको हो ।

त्यस्तै अर्को एक कार्यक्रममा दैलेखका प्रमुख



जिल्ला अधिकारी हरि प्याकुरेल र कोषका कार्यकारीनिर्देशक विश्वमोहन अधिकारीको उपस्थितिमा सौगात उपभोक्ता सहकारी संस्थामार्फत ८० जना असल व्यवसायीहरूलाई ६ लाख ३६ हजार १०६ रूपैयाँ ब्याजरकम वितरण भएको हो । कोषले नुवाकोटमा पनि जलेश्वरी दुग्धउत्पादक सहकारी संस्थामार्फत चैत्र २ गते ३८ जना असल व्यवसायीहरूलाई ५ लाख २४ हजार ३७७ रूपैयाँ रकम वितरण भएको छ । कार्यक्रममा ककनी गाउँपालिका वडा नं. १ का वडाअध्यक्ष चन्द्रबहादर बलामी र कोषका बीमा शाखाप्रमुख सुर्यप्रकाश तिवारीलगायतको उपस्थिति थियो ।